विदह नगरपालिको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५

सभाबाट स्वीकृत मितिः २०७५/०३ /२०

प्रस्तावनाः

नेपालको संविधानको अनुसुचि ८ र ९ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानिय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक ऐन बनाई प्रशासकिय कार्यविधि नियमित गर्न वाञ्छनिय भएकोले सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विदेह नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**ः (१) यस ऐनको नाम "विदेह नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५" रहेको छ।

(२) यो ऐन सभाबाट पारित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले "विदेह नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" विदेह नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले विदेह नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनुपर्छ।

(ङ.) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **नियम बनाउने अधिकार**ः (१) नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी र्निवाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त विदेह नगरपालिका नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२)उपदफा (१) बमोजिम नियम बनाउँदा संघिय तथा प्रदेश कानुन बमोजिम स्थानिय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने**ः (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलिको अधिनमा रही विदेह नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ।